REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 15.06.2024

- CM Majua Visit

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको बाहुलीद्वारा आज नाम्ची जिल्लाको राङगाङ याङगाङ समष्टिअन्तर्गत मझुवा गाउँमा गत दश जूनको बिहान गएको भीषण भल-पैह्रोबाट प्रभावित परिवारहरूलाई राहत राशि प्रदान गरियो। पैह्रो प्रभावितहरूलाई राज्य सरकारको सम्बन्धित विभागसँगै सिक्किम क्रान्तिकारी मोर्चाबाट पनि राहत राशि प्रदान गरिएको छ।

उल्लेखनीय छ, यस पैह्रोमा परेर मझुवा गाउँको एकै परिवारका दुईजना लगायत जम्मा तीनजनाले ज्यान गुमाएका छन् भने एकजना गम्भीर घाइते भएकी छन्। यसअवधि पैह्रोले बगाएर लगेका नौंवटा घरमध्ये सातवटालाई भारी क्षति पुऱ्याएको छ भने एघारवटा घरका पशुधनलाई व्यापक क्षति पुगेको छ। पैह्रोबाट सिर्जना भएको खतराको स्थितिलाई ध्यानमा राखेर अहिले सङ्सट परिवारलाई प्रशासनले राहत शिविरमा राखेको छ।

आज याङगाङ हेलीपेडमा एउटा कार्यक्रमबीच पैह्रो पीड़ित र प्रभावितहरूलाई राहत राशिको चेक र घर निर्माणको आवन्टन आदेश वितरण गरियो। पैह्रोमा परेर ज्यान गुमाउनेको परिवारलाई पाँच-पाँच लाख रुपियाँ प्रदान गरियो भने घाइतेहरूलाई आर्थिक सहयोग प्रदान गरिएको छ। यसका साथै एसकेएम पार्टीको तर्फबाट घाइतेहरूलाई थप पचास हजार रुपियाँ प्रदान गरियो। घटनामा पूर्णरुपले घर गुमाउने नौंवटा परिवारलाई आज नै आवन्टन आदेश प्रदान गरियो। मुख्यमन्त्रीले पैह्रोका कारण जमीन धस्केर घर बनाउन नसक्ने स्थिति भएका परिवारलाई सरकारले आधा ऐकर जमीन प्रदान गर्ने घोषणा गर्नुभएको छ।

पीड़ितहरूलाई राहत राशि प्रदान गर्ने क्रममा आंसिक रुपमा घर क्षतिग्रस्त भएका अनि गाईवस्तु गुमाएका परिवारलाई विभागको पक्षबाट आर्थिक सहयोग साथै एसकेएम पार्टीको पक्षबाट पचास-पचास हजार रुपियाँ प्रदान गरियो। यसरी नै राहत शिविरमा रहँदै आएका सबै परिवारलाई बीस-बीस हजार रुपियाँको सहयोग राशि पनि प्रदान गरिएको छ।

मुख्यमन्त्री श्री तामाङले याङगाङको मझुवासाथै हालको समय राज्यका विभिन्न स्थानमा गएको पैह्रोबाट प्रभावितहरूलाई राज्य सरकारले सबै प्रकारको सहयोग प्रदान गर्ने वचन दिँदै केन्द्र सरकारबाट पनि सहयोग प्राप्त हुने थप बताउनुभएको छ। हाल राष्ट्रिय राजमार्ग दशको अवस्था अनुकूल नभएको जानकारी गराउँदे मुख्यमन्त्रीले अत्यावश्यक नपरेसम्म राज्य बाहिरको यात्रा नगर्न सबैलाई सुझाउ दिनुभएको छ। अर्कोतिर, उहाँले हालको स्थितिमा राज्यमा दुई महिनासम्म पुग्ने राशन र खाद्यान्नको भण्डारण रहेको पनि जानकारी गराउनुभयो।

यसअघि बिहान मुख्यमन्त्रीले मझुवा गाउँको पैह्रोको स्थलगत भ्रमण गर्नुभयो।

- <u>Mangan Tourist Airlift</u>

मौसमको खराबीका कारण मंगन जिल्लामा फँसेका पर्यटकहरूलाई हवाई मार्गबाट आज निकाल्न सकिएन। तथापि, जङ्गुको ब्रिङबङ होमस्टेमा रहेका सातजना केरलका पर्यटकहरूलाई भने पैदल मार्ग हुँदै ब्रिङबुङस्थित पुलबाट निकालिएको छ।

जिल्लामा प्रतिकुल मौसमको प्रभावका कारण भएको अवस्थाको जानकारी लिन आज मंगन पुग्नुभएका पर्यटन मन्त्री श्री छिरिङ थेन्डुप भोटियाले पर्यटकहरूलाई त्यहाँबाट निकाल्न चालिनु पर्ने पहलबारे चर्चा गर्न जिल्लापाल श्री हेमकुमार छेत्रीसित बैठक गर्नुभयो। बैठकमा जानकारी गराइएअसार थुनिएका पर्यटकहरूलाई लाचुङ र चुङथाङका विभिन्न स्थानमा सुरक्षित साथ राखिएको छ।

जिल्लाका विभिन्न प्रभावित स्थानहरूमा राहत र उद्धार कार्य चलिरहेको छ भने अधिकारीहरूले क्षतिको जायजा पनि लिइरहेका छन्। यद्यपि, कतिपय स्थानमा सड़क मार्ग अवरूद्ध भएका कारण अधिकारीहरू पुग्न नसकेको खबर प्राप्त भएको छ।

यसैबीच, सीमा सडक संगठन (BRO)-ले तीव्र रूपमा सम्पर्क बहाल गर्न डिक्चु-साङ्कलाङ-टुङ आदि जस्ता सडकमा अधिक उपकरणहरू लगाएको छ। मसिन र मानव शक्तिको तैनातीपछि टुङदेखि साङ्कलाङतर्फ लगभग दश किलोमिटर सडक मार्ग सफा गरिएको छ भने नागाबाट गान्तोक-चुङथाङबीच गएको पैह्रो सफा गर्न BRO-ले सक्रिय रूपमा काम गरिरहेछ। यसका साथै नागादेखि लन्ठे खोला अनि राङराङ-मंगनबीचको मार्ग सफा गरिएको छ। BRO अधिकारी एवं कर्मचारीहरू टुङमा निर्माण गरिएको मोड्युलर पुलबाट भएर मंगन जिल्लाको सम्पर्क बहाल गर्न अबिराम खटिरहेका छन्।

-------------------------------------X-------------------------------------

- <u>Bharat Ko Jano Programme</u>

नागाल्याण्डका राज्यपाल श्री ला गणेशन भारत सरकारको संस्कृति मन्त्रालयअन्तर्गत उत्तरपूर्वी क्षेत्रीय संस्कृति केन्द्रद्वारा सिक्किम सरकारको संस्कृति विभागसितको सहकार्यमा आयोजित भारत को जानो कार्यक्रममा सहभागि बन्नुभयो।

रक्षा प्रेक्षागृहमा आयोजित कार्यक्रममा बोल्दै राज्यपाल गणेशनले संस्कृति मानिसहरूलाई जोड्ने एउटा सेतु हो भनी बताउनुभयो। उहाँले सबै संस्कृति, परम्परा, भाषा र सम्पदाप्रति सम्मान र करुणा देखाउँदै सांस्कृतिक विरासतको संरक्षण गर्न सबैलाई आग्रह गर्नुभयो।

-------------------------------------X-------------------------------------

- <u>Governors Programme</u>

राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य, सिक्किम विश्वविद्यालयको NSS, नरबहादुर भण्डारी सरकारी कलेज, ताडोङ, मेधवी कौशल विश्वविद्यालय र एउटा फाउण्डेशनद्वारा संयुक्त रूपमा आयोजित विश्व वृद्ध दुर्व्यवहार जागरूकता दिवस र वृद्ध सम्मान समारोहमा सहभागी बन्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै राज्यपालले नानीहरूसित आफ्ना वृद्ध आमा-बाबाहरूसित समय बिताउने पनि आग्रह गर्दै बितेको पललाई वापस पाउन नसकिने कुराको उनीहरूलाई याद दिलाउनुभयो।

--------------------------------------X--------------------------------------

- <u>Three Months Training</u>

गान्तोकको जीरो प्वाइन्टस्थित सिक्किम राज्य अभिलेखागार एवं संग्रहालय परिसरमा सिक्किमको सांस्कृतिक सम्पदाको संरक्षणमाथि विगत तीन महिनादेखि चलिरहेको प्रशिक्षण कार्यक्रमको आज समापन भयो।

राज्यमा पहिलोपल्ट आयोजित यस प्रकारको प्रशिक्षण कार्यक्रममा सिक्किमको सांस्कृतिक सम्पदालाई ऐतिहासिक, कलात्मक र रीतिरिवाजको रूपमा संरक्षण गर्नमा रहेको आवश्यकतामाथि उपस्थित प्रशिक्षार्थिहरूलाई अवगत गराइयो।

कार्यक्रमको आयोजना सिक्किम सरकारको सिक्किम राज्य अभिलेखागार र संस्कृति विभागले सम्पदा र कला संरक्षणका निम्ति हिमालयन सोसाइटीसितको सहकार्यमा गरेको हो।

--------------------------------------X--------------------------------------